# संघीयताको स्थायित्वः सञ्जालीकृत शासन प्रणालीको आबश्यकता



*राजु श्रेष्ठ*
*प्राबिधिकअधिकृत*
*शिक्षातालिमकेन्द्र*
*गण्डकी प्रदेश*
*दमौली, तनहुँ*

राज्यएक्लै जाउको रणनीति (गो एलोन इस्ट्राटेजी)हुँदै ठूलो अनि केन्द्र शक्तिशालीभएको राम्रो र प्रभाबकारीको अबधारणा हुदै आज संघीय संरचनामा पदार्पण गरेको अवस्था छ । संघीय संरचना एक आदर्श शासन प्रणाली हो जुन सबैमा जगजाहेर नै छ । तर यसको चिरस्थायीको लागि चिन्ता गर्नुपर्ने अवस्था सिर्जना भएको छ । चिन्तकहरुमाकतै यो प्रणाली ब्याकफाइरिङअर्थात टेक ब्याक त हुदैन भन्नेमाचिन्तित देखिन्छन् । नेपालको संबिधान २०७२ को धारा २३२ मा स्पष्टसंग उल्लेख गरिएको छ कि संघ, प्रदेश र स्थानीयतहबीचको सम्बन्धतीन"स" सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमाआधारित हुनेछ । जसलाई हामी सुनौलो त्रिकोणको सम्बन्धपनिभनेर बुझिन्छ ।तर शासन सञ्चालनको मूलआधार संबिधानहो भनेर बुझिएपनि यो बुझाई सर्बसाधारण नागरिकको लागिमात्रहो शासकहरुको लागिहोईन भन्ने जस्तो अर्थ लागेको भानभएको छ यति बेलाजनमानसमा । यसको मतलबराज्यको काम कारबाहीतथाकार्य सम्पादनमा सर्बसाधरण नागरिकले साच्चै नै मुलुकमा सँघिय लोकतान्त्रिक गणतन्त्र आएको हो त भन्ने प्रत्याभूतिगर्न पाएका छैनन् । नागरिकले सरकार डिफ्याक्टोमा महसुस गर्न पाएका छैनन् । डिज्युरीमाभएको महसुस गरेका छन् ।यसो हुनुमा केहि ब्यवहारिक पक्षहरु छन् ।प्रथमतःकेन्द्रीयतहजुनआजहामी संघ भनेर बु¤दछौ जसले अधिकार, स्रोत साधनअनिअवसर आफू भन्दातलनझार्ने, अनिबीचको सरकार जुनहामीप्रदेश सरकार भनेर बु¤दछौ उसले संघीय सरकारसंग अधिकार र शक्तिमाग्ने अनि स्थानीयतहलाई आफूले समन्वयकारीको भूमिकामा रहि सबल बनाउनु पर्छ भन्ने कुरा बिर्सने । त्यस्तै स्थानीयतहजुन नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान २०७२ ले बोकेको सपना"समृद्धिको निर्माण, समृद्धिको आदानप्रदानअनि समृद्धिको टिकाउ" लाई आमनागरिकको दैनिकजीवनमाअनुबादगर्न सबल, अब्बल, कियासीलअनि समृद्धिको आधारको परिकल्पनागरिएको छ । यस्तो महत्वपूर्ण भूमिकानबुझी अरुबाट मागेर कामचलाउने मगन्तेको ब्यवहार प्रदर्शन गरेको बेलामा संघीयताको स्पष्ट सैद्धान्तिक र अबधारणागत बुझाईको कमीको कारणले नेपालको बामे सर्दे गरेको संघीयता धरापमा पर्ने प्रबल लक्षणहरु देखा परेको छ । दोस्रोः राज्यकाकर्मचारीहरुभनेका राज्यको सपनालाई

बिपनामामाअनुबादगर्ने औजार हुन । उक्तऔजारको प्रयोगमावर्तमान सरकार सक्षम देखिएको छैन । दीर्घकालिन सोचको अभावको कारणले कर्मचारीहरुको उपयुक्त समायोजन गर्ने क्रममा धेरै अनपेक्षित समस्याहरुसँग मुकाबिलागर्नुपर्ने देखिएको छ ।जसले मुलुकमाथपअन्यौलताहरु सिर्जना गरेको छ ।

बास्तवमामुलुकअहिले अंग्रेजीको शब्द“मेटामोरफोसिस” जसको अर्थ “रुप परिवर्तन गर्नु” हुन्छ यो शब्दको अर्थसंग सन्निकट रहेको देखिन्छ । हिजोको एकात्मकशासन प्रणालीमा टप लेभल देखि बटम लेभल सम्मअर्थात माथिबाट आदेश दिने र तलबाट आदेश कुर्ने र त्यसको पालनागर्ने संस्कारमा रमायौं । जहाँ हाईर्यारर्की, अटोक्रेसी, ब्युरोक्रेसी र म्यानेजमेन्ट जस्ता शब्दहरुले स्थानपाएजसको फलस्वरुप राज्यकोकार्य सम्पादनको गुणस्तरमाक्रमशःह्रास हुदै जानथाल्यो । सरकारी संगठनहरु मरणसील (ईन्स्टीट्युसनल ईस्क्लेरोसिस) अवस्थामापुगे । गुणस्तरमा संकट देखा पर्न थाल्यो । नागरिकका असन्तुष्टिका आवाजहरु गुन्जायस हुदै जानथाले । जसको कारणले आजहामीले संघीयता प्राप्तगर्न सफलभएका छौं । सदियौं देखिको एकात्मक राज्य प्रणालीको ह्राङओभर अझै पनि देखिएको छ । अब संघीयताको नयाँ अध्यायमा परिष्कृत भएर जानुको बिकल्प छैन । संघीयताको चीर स्थायित्वको लागिनयाँ संस्करणमा नयाँ शैलीबाट जानु आबश्यक देखिन्छ । माथिउल्लेखितचार वटा शब्दहरु क्रमशःहाईर्यारकी, अटोक्रेसी, ब्युरोक्रेसी र म्यानेजमेन्टलाई अर्को चार वटा शब्दहरु जस्तैं हेटारर्की, डेमोक्रेसी, कल्याबोरेसन र सेल्फम्यानेजमेन्टको स्पिरीटले बिस्तापित गरी अगाडि बढ्नु पर्ने समय आएको छ । यसको लागिचार पाँचपक्षहरुमाध्यानपुर्याउन जरुरी देखिन्छ ।

१ प्रथमतः संघीय संरचनाको संघ, प्रदेश र स्थानीय तहले अब ठाडो (भर्टिकल) सम्बन्धमा होईन समतलीय (होरिजेन्टल) सम्बन्धमा काम गर्न सिक्नु पर्छ । किनकि संघीय संबिधान मुलत दुईवटा सिद्धान्तहरुमा क्रमशः स्वशासन (सेल्फरुल) र सहशासन (सेयरड रुल) मा आधारित छन् । यसलाई सैद्धान्तिक र ब्यबहारिक पाटोबाट कार्यान्वयनमा ल्याउनु पर्छ ।

२ दोस्रोः अहिले मुलुकमा मात्र नभएर बिश्व परिवेशमा गैर राज्य पात्रहरु च्याउ उम्रे जस्तै उम्रेका छन् । सशक्त भएर उदाएका छन् । सरकारको स्टेज लिएका छन् । सरकारको कार्यहरु जस्तैं सुशासन, विकास, सेवाप्रवाह, समस्या समाधान, नीति निर्माण जस्ता कार्यहरुमा सक्रिय भएका छन् । यस परिवेशमा सरकारले आफूलाई नन डेलिभरी फङ्सनमा सीमित राखेर स्मार्ट पोलिसीका साथ गैर राज्य पात्रहरुलाई डेलिभरी फङ्सनमा ब्यस्त गराउनु पर्छ ।

३ तेस्रोः मुलुकमा राज्य र नागरिकहरुसंग सम्बन्धित समस्याहरु हिजोको भन्दाआज धेरै, हिजोको भन्दा आज जटिल र हिजोको भन्दा आज झन अन्तर सम्बन्धित बन्दै गएका छन । सरकारको एक्लो प्रयासले र सीमित स्रोत साधनले समाधान गर्न सक्ने देखिदैन । किन कि ती समस्याहरुलाई समाधान गर्न आवश्यक स्रोत

साधन, शक्ति र उपायहरु धेरै ब्यक्तितथा संगठनहरुसंग छन् । तिनीहरुलाई एक ठाँउमा ल्याई तिनीहरुसंग भएको स्रोत साधन, शक्ति र उपायहरुको सहि सदुपयोग गर्न सकेको खण्डमा मात्र समृद्धिको सपना बिपनामा अनुबाद गर्न सकिन्छ । त्यसैले सरकार अब सञ्जालीकृत शासन प्रणालीमा जानै पर्छ ।

४ चौथोः सूचना तथा सञ्चार प्रबिधिको चमात्कारी र नागरिकहरुको पटक पटकको आन्दोलनले प्राप्त गरेको राजनीतिक परिवर्तनका कारणले नागरिकहरु हिजो भन्दाआज शैक्षिक रुपमा उच्च शिक्षित, राजनीतिक रुपमा सचेत र बिश्वब्यापी रुपमा सन्निकट सम्बन्ध राख्ने भएका छन् । यी नागरिकहरु संग राज्यबाट आशा गरिएका सपनाहरु चुलिएका छन् । यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय तहले आफूलाई स्वचालित र शक्तिशाली सम्झेर आ-आ०नो शैलीले अगाडि बढेर हुदैन । यी तीन तहहरु बीच सहकार्यको आवश्यकता छ । भनिन्छ, संघले अभिभाबकत्वको भूमिका निर्बाह गर्न सक्नुपर्छ । प्रदेशले समन्वयकारीको भूमिका निर्वाह गर्न सक्नुपर्छ भने स्थानीय तहले संघ, प्रदेशसंग सहकार्य गर्दै लोकतन्त्रको प्रतिफल नागरिकको घर आँगनमा बाड्दै हिड्न सक्ने बलियो आधार निर्माण गर्न सक्नुपर्छ अनिमात्र संघीयताको मर्म सामान्यनागरिकले समेत सोझो भाषामाबुझ्न सक्ने हुनेछ ।

५ पाँचौंः राज्यको सपनालाई बिपनामाअनुबादगर्ने अर्को सशक्त संयन्त्रभनेको ब्युरोकेसी अर्थात मुलुकको प्रशासन हो । संघीयता भनेको राजनीतिक परिवर्तन र बित्तिय हस्तान्तरण गर्नु मात्र होईन । प्रशासन पनि राजनीतिक परिवर्तनसंगै अर्थपूर्ण रुपमा परिवर्तन भएर जान आवश्यक हुन्छ । तर यति बेलाशासकवर्गहरुको यो पक्षमाध्यानपुग्ननसकेको जस्तो देखिन्छ । कर्मचारीतन्त्रलाई वेवास्ता गरेको अनुभूतिभएको छ । कर्मचारी समायोजन कार्य कहिले जुरमुर्याउदै अगाडि बढ्छ त कहिले शान्तभएर रहन्छ । कर्मचारी समायोजनमा अबहेलनाको अवधारणा (Disdain approach) लागू गरिएको छ । यदि यो साचो हो भने मुलुकले अझै कति समय सम्म संकमणको सकस खेप्नु पर्ने हो । तसर्थः जति सक्दो चाडो राज्यको प्रशासन संयन्त्रलाई राजनीतिक परिवर्तन अनुसार अर्थपूर्ण रुपान्तरित गरेर मुलुकको शासकीयशक्तिको रुपमा रहेको शासकहरु र मुलुकको प्रशासनको बागडोर सम्हालेका प्रशासकहरुबीच अर्थपूर्ण सहकार्य, समन्वय र सहअस्तित्वकायम गरी संघीयताकोप्रतिफलनागरिकहरुलाई बाड्न सक्नुपर्छ । अनिमात्रमुलुकले समृद्धिको नाममा नेपालीमूलको स्वच्छ आकासको हावालिई निर्भिकताका साथश्वास फेर्ने अवसर प्राप्तगर्ने छन् ।

अन्तमा, नेपाली समाजएकात्मकशासन प्रणालीबाट अर्थपूर्ण बर्हिगमनगर्दै माथिउल्लेखित सञ्जालीकृत शासन प्रणालीका रणनीतिहरुको अवलम्बनका साथआधुनिक संघीय समृद्ध मुलुकको रुपमापदार्पण गर्नुपर्छ । फिडम हाउसको फिडम इन द वर्ड (२०१८) को

प्रतिबेदन “लोकतन्त्रमा संकट” (डिमोक्रेसी इनकाईसिस) मा मुलुकको १९५ राष्ट्रहरुमा गरिएको अध्ययनमा नेपालमा केहि हिंसात्मक गतिबिधिहरुको बाबजुद पनि लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान प्राप्त गरेको छ । सो संबिधान बमोजिम प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको निर्बाचन सम्पन्न भएको छ जसले लोकतन्त्रको खुला अभ्यास गर्ने आधार तय गरेको कुरा औल्याईएको छ । उक्त प्रतिबेदनको निचोडले पनि हाम्रो समृद्ध मुलुकको सपनाका आशाहरु ओईल्याउन नदिई ताजा नै राख्न उर्जा थपिदिएको आभास हुन्छ । भनिन्छ, प्रणाली भन्दा सेवा प्रवाह नागरिकहरुको लागि महत्वपूर्ण हुन्छ । त्यसैले सबै नागरिकहरुको आवश्यकता हरुलाई सम्बोधन गर्ने गरी शासन सञ्चालन आजको आवश्यकता हो । यसको लागि संघीय संरचना कार्यान्वयनको लागि सञ्जालीकृत शासन प्रणाली अचुक अस्त्र बन्न सक्ने सम्भाबना देखिन्छ ।

shrestharaju26@gmail.com

<u>लेखकको बारेमा छोटो परिचय</u>

नामः राजु श्रेष्ठ

पदःप्राबिधिकअधिकृत

कार्यालयःशिक्षातालिम केन्द्र, गण्डकी प्रदेश, दमौली, तनहुँ

अनुभबः

- ✓ २०६७माशिक्षाशास्त्र संकाय, त्रिभुबनबिश्वबिद्धयालयमाअंग्रेजीबिषयप्राध्यापन
- ✓ २०६८ सालदेखि शिक्षातालिम केन्द्र, तनहुँमाअंग्रेजीबिषयको प्रशिक्षक

सम्पर्क नं ९८५११२९९३७(e-mail: shrestharaju26@gmail.com)